# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/८२
चलानी नं :१८२

मिति:२०८१/०४/३१

शिक्षक तथा कर्मचारी बैंक तयार गर्ने परीक्षाको विज्ञापन

( प्रथम पटक प्रकाशित मिति:२०८१।०४।३१)

बबई गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त भएका र आगामी दिनमा रिक्त हुने तपसिल अनुसार करार, राहत, शिक्षण सिकाइ अनुदान सङ्घीय र पालिका अनुदान पदमा करार पदपूर्ति गर्नका लागि बबई गाउँपालिकाको " **शिक्षक बैङ्क व्यवस्थापन कार्यविधी, २०८१**" बमोजिम प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी शिक्षक, बैङ्क तयार गर्नु पर्ने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले यसैसाथ संलग्न ढाँचाको दरखास्त फाराम भरेर पेस गर्नुहुन यो विज्ञापन प्रकाशन गरिएको छ ।

१. विज्ञापनको विवरण:

| क्र.स | विज्ञापन नं. | पद | तह | श्रेणी | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/०८१-८२ | बालविकास सहजकर्ता | - | - | - | |
| २ | २/०८१-८२ | विद्यालय सहायक कर्मचारी (लेखापाल) | - | - | - | |
| ३ | ३/०८१-८२ | शिक्षक | प्राथमिक तह | तृतीय | - | |
| ४ | ४(क)/०८१-८२ | शिक्षक | निम्न माध्यमिक तह | तृतीय | अङ्ग्रेजी | |
| ५ | ४(ख)/०८१।८२ | शिक्षक | निम्न माध्यमिक तह | तृतीय | नेपाली | |
| ६ | ४(ग)/०८१।८२ | शिक्षक | निम्न माध्यमिक तह | तृतीय | गणित | |
| ७ | ४(घ)/०८१।८२ | शिक्षक | निम्न माध्यमिक तह | तृतीय | विज्ञान | |
| ८ | ४(ङ)/०८१।८२ | शिक्षक | निम्न माध्यमिक तह | तृतीय | सामाजिक | |
| ९ | ५(क)/०८१-८२ | शिक्षक | माध्यमिक तह | तृतीय | अङ्ग्रेजी | |
| १० | ५(ख)/०८१।८२ | शिक्षक | माध्यमिक तह | तृतीय | नेपाली | |
| ११ | ५(ग)/०८१।८२ | शिक्षक | माध्यमिक तह | तृतीय | गणित | |
| १२ | ५(घ)/२०८१।८२ | शिक्षक | माध्यमिक तह | तृतीय | विज्ञान | |
| १३ | ५(ङ)/०८१।८२ | शिक्षक | माध्यमिक तह | तृतीय | सामाजिक | |
| १४ | ६(क)/०८१।८२ | शिक्षक | माध्यमिक तह | द्वितीय | रसायन शास्त्र | कक्षा(११-१२) |

चेतनारायण खनाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | ६(ख)/०८१।८२ | शिक्षक | माध्यमिक तह | द्वितीय | जिव विज्ञान | कक्षा(११-१२) |
| १६ | ६(ग)/०८१।।८२ | बरिष्ठ प्रशिक्षक | माध्यमिक तह | द्वितीय | बालि बिज्ञान | कक्षा (९-१२) |
| १७ | ६(घ)/०८१।८२ | प्रशिक्षक | माध्यमिक तह | द्वितीय | बालि बिज्ञान | कक्षा (९-१२) |
| १८ | १६(ङ)/०८१।८२ | सहायक प्रशिक्षक | निमावि तह वा सो सरह | द्वितीय | बालि बिज्ञान | कक्षा (९-१०) |

२. **पारिश्रमिक तथा अन्य सुविधाः-** योग्यता क्रम सहितको सूचिबाट सिफारिस भई विद्यालयमा नियुक्ति भए पश्चात सम्बन्धित पद, तह, कोटा र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको र पालिकाको शिक्षण सिकाइ अनुदानको हकमा गाउँपालिकाले तोके बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा हुनेछ ।

३. **परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालनः-** बालविकास सहजकर्ता र विद्यालय सहायक कर्मचारीको हकमा "गाउँपालिकाका विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्तिको लागि एकीकृत परीक्षा प्रणालीबाट शिक्षक, कर्मचारी बैंक तयार गर्ने कार्यविधि, २०८१ ले तोकेको पाठ्यक्रम र अन्य शिक्षक पदको हकमा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिनेछ। कार्यविधि कार्यालयको Website-https://lto.babaimun.gov.np मा राखिएको छ ।

४. **परीक्षा सञ्चालनः-** परीक्षा सञ्चालन हुने मिति, समय र स्थानको बारेमा विज्ञापनको समय समाप्त भए पश्चात कार्यालयबाट सूचना प्रकाशन गरिनेछ।

५. **दरखास्त दस्तुरः-** देहायको पदमा तथा तहको लागि तपसिल अनुसारको दस्तुर कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

क) बाल विकास सहजकर्ताको लागि रु ५००।-
ख) विद्यालय सहायक कर्मचारीको लागि रु ८००।-
ग) प्राथमिक तहको शिक्षक पदको लागि रु १०००।-
घ) निम्न माध्यमिक तहको शिक्षक पदको लागि रु १५००।-
ङ) माध्यमिक तहको शिक्षक पदको लागि रु २०००।-
च) बरिष्ठ प्रशिक्षक प्राविधिकधार तर्फ रु २५००।-
छ) सहायक प्रशिक्षक प्राविधिकधार तर्फ रु १५००।-
ज) प्रशिक्षक प्राविधिकधार तर्फको रु २०००।-

६. दरखास्त दिने अन्तिम मितिः- २०८१।०५।१३

७. उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः-

२०८१।०४।३१
चेत नारायण कँडेल
प्रमुख प्रशासकीय अधिकृत

# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

हापुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

क) नेपाली नागरिक

ख) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

ग) बालविकास सहजकर्ताको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायमा न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको महिला।

घ)विद्यालय सहायक कर्मचारीको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको

ङ) प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगद्वारा सम्बन्धित तहका लागि पछिल्लो पटक प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको शैक्षिक योग्यता पुरा भएको, साथै जुन तहको परीक्षामा सहभागी हुने हो सोही तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

च) रसायन शास्त्र विषयमा स्नातकोत्तर तह(MSC) उत्तीर्ण

छ) जिव शिज्ञान (Botany or Z00logy)विषयमा स्नातकोत्तर पास गरेको

ज) बालि विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरेको

(विज्ञापन न ६ क र ६ (ख) लाई अध्यापन अनुमति पत्र अनिवार्य

८. उम्मेदवारले पेस गर्नुपर्ने आवश्यक कागजातहरु:-

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

ख) दरखास्त दस्तुर बुझाएको भौचरको सक्कल प्रति,

ग) सम्बन्धित तहको लागि तोकिएको शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भए मार्कसिट/ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ,

घ) यसै साथ संलग्न गरिए अनुसार दरखास्त फाराम भरेका कागजातहरु,

२०८१०४।२१

(चेत नारायण कंडेल)
प्रमुख प्रशासकीय अधिकृत

बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
शिक्षक, कर्मचारी बैंक तयार गर्ने परीक्षाको लागि

उम्मेदवारको फोटो

**प्रवेश-पत्र**

**परीक्षार्थीले भर्नेः**

१. परीक्षार्थीको नामथरः.............................................................................................
२. परीक्षा दिन चाहेको तहः-...............................विज्ञापन नं...................... पद......................
३. परीक्षा दिन चाहेको तह को नाम लेख्नुहोस्(निम्न माध्यमिक र माध्यमिक तहको लागि मात्र).................
४. परीक्षा दिन चाहेको विषय को नाम लेख्नुहोस (निम्न माध्यमिक र माध्यमिक तहको लागि मात्र)...........
५. परीक्षार्थीको दस्तखतः............................

**कार्यालयको सम्बन्धित कर्मचारीले भर्नेः-** यस कार्यालयबाट जारी गरेको सूचना उल्लेखित मितिमा परीक्षामा तपाईलाई सूचनामा तोकिए बमोजिमको परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेश – पत्र रद्द हुनेछ ।

रोल्नं

............................
कर्मचारीको दस्तखत

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरुः**

१. परिक्षार्थीले परीक्षा भवनमा परीक्षा दिन आउँदा प्रवेश – पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ।
२. दरखास्त फाराममा लेखिएको विज्ञापन नं. तह र विषयको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्नेछ ।
३. उत्तरपुस्तिकामा नाम, रोल नम्बर आदी विवरण लेखेको ठिक पछाडीको पृष्ठमा उत्तर लेख्नु हुँदैन ।
४. कार्यालयले तोकेको परीक्षामा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाईनेछैन ।
५. परीक्षा शुरु हुनु भन्दा १५ मिनेट अगाडी सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नु पर्नेछ । सामान्य परीक्षामा १५ मिनेट र विषयगत परीक्षामा ३० मिनेट भन्दा पछि आउने परीक्षार्थीलाई हलमा बस्न दिईने छेन ।
६. परीक्षा भवनमा किताब,कपी, कागज, चिट आदि लैजान पाइने छैन । परीक्षार्थीले आपसमा कुराकानी र संकेत गर्न पाइनेछैन आफुलाई चिनाउने कुनै संकेत उत्तरपुस्तिकामा गर्न पाइने छैन ।
७. परीक्षा कार्यालयको प्रकाशिति विज्ञापन वा सूचनामा उल्लेखित कार्यक्रम अनुसार हुनेछ।
८. अन्य कुराहरुको हकमा कार्यालयले तोके बमोजिम हुनेछ ।

चेत नारायण केसी
प्रमुख प्रशासकीय अधिकृत

# बबई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हापुर, दाङ
लुम्बिनी प्रदेश, नेपाल

उम्मेदवारको फोटो

### शिक्षक कर्मचारी बैक तयारी परीक्षाको दरखास्त फाराम

क) परीक्षा दिन चाहेको विज्ञापनको तह, विज्ञापन नं. विषय र प्रकारः

१. परीक्षा दिन चाहेको तह........................................

२. विज्ञापन नम्बरः-.................................... पदः................................................

३. परीक्षा दिन चाहेको विषयको नाम (निम्न माध्यमिक र माध्यमिक तहको लागि).............................

ख) व्यक्तिगत विवरणः-

| | | | |
|---|---|---|---|
| उम्मेदवारको नाम थर | नेपालीमाः- | | लिङ्गः- |
| | अंग्रेजीमाः- | | |
| | नागरिकता नः. | जारी गरेको जिल्ला | सम्पर्क नं |
| स्थायी ठेगानाः- | जिल्लाः- | स्थानीय तह र वडा नः- | मोबाइल नं |
| इमेलः- | | पत्राचार गर्ने ठेगानाः- | |
| बाबुको नाम,थरः- | सम्पर्क नं | आमाको नाम , थर | सम्पर्क नं |
| बाजेको नाम,थरः | | पति वा पत्निको नाम,थर | |
| जन्ममितिः | दरखास्त अन्तिम मितिमा पुग्नेउमेर ......................वर्ष..................महिना.........दिन | | |

(ग) शैक्षिक योग्यताको र माथिल्लो शैक्षिक योग्यताको विवरण भर्ने

| क.स | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको | | | कुल प्राप्ताङ्क | प्रतिशत /जि.पि.ए. | मुख्य विषय | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

(घ) तालिम/प्रशिक्षण आदिको विवरणः-(१० महिने वा सो सरहको शैक्षिक तालिम मात्र)

| क.स | तालिम दिने संस्थाको नाम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

(ङ) यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन । उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्री पढेको छु र म ती शर्तहरु पालना गर्न मञ्जुर छु । लेखिएको विवरण झुठा ठहरेमा कानुन बमोजिम सहुँला बुझाउँला ।

| दायाँ | बायाँ |
|---|---|
| | |

ल्याप्चे सहिछाप

उम्मेदवारको दस्तखतः..............

नोटः- दरखास्त फाराम साथ संलग्न कागजातहरु उम्मेद्वार स्वयम्ले प्रमाणित गरेर विज्ञापनले तोकेका संलग्न गर्नुपर्ने कागजातहरुको प्रतिलिपिमा उल्लेख क्रम संख्या अनुसार नत्थी गरेको हुनपर्नेछ।

चैत नारायण कँडेल
प्रमुख प्रशासकीय अधिकृत